# विद्यालय लेखापरीक्षण कार्यविधि,२०७८

**प्रस्तावना :**

**(स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ११ (२) (ज) सँग सम्बन्धित)**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २ (ज) मा रहेको विद्यालयको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार एवम् कबिलासी नगरपालिकाको शिक्षा ऐन,२०७६ को पररिच्छेद १३ को दफा ६४ बमोजिम दिइएको अधिकार प्रयोग गरी विद्यालय लेखापरीक्षण कार्यविधि बनाउन बान्छनीय भएकोले नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद –१

## परिभाषा

**१. (क) संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम कबिलासी नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७८ रहेको छ ।

(ख) यो कार्यविधि कबिलासी नगरपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा —

(क) 'ऐन ' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) 'कार्यविधि' भन्नाले कबिलासी नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुको लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०७८ सम्झनुपर्छ ।

(ग) 'नगरपालिका' भन्नाले कबिलासी नगरपालिकालाई सम्झनुपर्दछ ।

(घ) 'प्रमुख' भन्नाले कबिलासी नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

(ङ) 'उपप्रमुख' भन्नाले कबिलासी ननगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्दछ ।

(च) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले कबिलासी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(छ) 'शिक्षा युवा तथा खेलकुद शाखा' भन्नाले कबिलासी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनुपर्दछ ।

(ज) 'लेखापरीक्षण' भन्नाले आन्तरिक र अन्तिम लेखापरीक्षण कार्यलाई जनाउँदछ ।

(ज) 'शिक्षा अधिकारी' भन्नाले कबिलासी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनुपर्दछ ।

(ञ) 'लेखापरीक्षक' भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि प्रमाण पत्र प्राप्त व्यक्ति, संस्था, कम्पनी वा फर्मलाई जनाउँछ ।

## परिच्छेद – २

## लेखापरीक्षक सम्बन्धी व्यवस्था

३. सम्बन्धित विद्यालयले लेखापरीक्षणका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित कम्तिमा ३ वटा दर्तावाल लेखापरीक्षक सिफारिस गरी तोकिएको समयावधिभित्र कबिलासी नगरपालिकाको आर्थिक प्रशासन शाखामा पठाउनुपर्नेछ ।

४. लेखापरीक्षक नियुक्तिका लागि संलग्न गर्नुपर्ने कागजहरु

(क) लेखापरीक्षकको नवीकरण प्रमाणपत्र

(ख) आन्तरिक राजश्व कार्यलयबाट कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

(ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

(घ) लेखापरीक्षक वहालवाला कर्मचारी भए विभागीय स्वीकृति पत्रको प्रतिलिपि ।

५. लेखापरीक्षण सम्बन्धी निवेदनको ढाँचा, क्रमश : अनुसूचि-१ र २ बमोजिम हुनेछ ।

## परिच्छेद –३

## लेखापरीक्षक छनोट समिति

६. लेखापरीक्षण छनोट समिति देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| क) नगर शिक्षा समितिको अध्यक्ष | -संयोजक- |
| ख) नगरपालिकाको उपप्रमुख | -सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ) आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| ङ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | -सदस्य सचिव |

(यस न.पा.मा आन्तरिक लेखा परीक्षण शाखा गठन भएपछि आन्तरिक लेखा परीक्षण शाखा प्रमुख स्वत: सदस्य सचिव हुने र शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख सदस्य रहने)

विधि ६ बमोजिम लेखापरीक्षक छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. आर्थिक वर्ष सुरु भएको एक महिनाभित्र लेखापरीक्षणका लागि नगरपालिकाको वेभ साइटमा आशयपत्र मागका लागि सार्वजानिक सूचना प्रकाशित गर्ने

ख. लेखापरीक्षक छनौटका लागि मापदण्ड एवम् सूचक तयार पारी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउने,

ग. प्रकरण - (क) बमोजिम प्राप्त निवेदन उपर छानविन गर्ने ,

घ. लेखापरीक्षक नियुक्ति गरी सम्वन्धित लेखापरीक्षक र विद्यालयलाई लिखित जानकारी गराउने,

ङ. लेखा परीक्षण सम्वन्धमा आई परेका समस्या उपर लेखापरीक्षण छनोट समितिको बैठक बसी आवश्यक निर्णय गर्ने ,

च. सामुदायिक विद्यालयहरुको कम्तिमा चौमासिक रुपमा लेखापरीक्षण प्रतिवेदन उपर अध्ययन गरी बेरुजु सम्परीक्षण गर्न/गराउन सहजीकरण एवम् निर्देशन दिने ,

छ. विद्यालयहरुको एक आर्थिक वर्षमा कम्तिमा एकपटक स्थलगत अध्ययन गरी लेखा एवम् लेखा परीक्षण सम्वन्धमा अनुगमन, सुपरीवेक्षण गरी प्रतिवेदन नगरपालिकामा पेश गर्ने ,

ज. नगरपालिकाले तोकेबमोजिमका लेखापरीक्षण सम्वन्धी अन्य कार्य गर्ने,

झ. सम्बन्धित संस्थागत विद्यालयबाट कम्तिमा ३ जना लेखापरीक्षकको नाम सिफरिश गरी माग गर्ने, सामुदायिक विद्यालयको हकमा माथि (क) बमोजिम अनुसूचि-२ बमोजिमको ढाँचामा आशयपत्र पेश गरेका योग्य लेखापरीक्षक नियुक्ति गर्ने,

ञ. तोकिएको अवधिभित्र लेखापरीक्षकको नामसूचि प्राप्त नभएमा माथि उल्लिखित समितिले लेखापरीक्षक छनोट गर्ने ।

७. विधि ६ बमोजिम लेखापरीक्षण छनोट समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृबाट स्वीकृत भए पश्चात नियुक्ति दिनेछ ।

## परिच्छेद – ४

### लेखापरीक्षक पारिश्रमिक

(क) शुरु प्रति रु. १००।- (एक सय) रकमको ०.२५।– (पच्चीस पैसा) का दरले लेखापरीक्षको पारिश्रमिक विद्यालयले दिनुपर्नेछ । यो रकम सङ्ख्या र पारिश्रमिक अधिकतम स्वीकृत खर्चसम्म यही प्रणालीमा हिसाब गरी विद्यालयले लेखापरीक्षकको भुक्तानी दिनुपर्नेछ ।

(ख) उक्त पारिश्रमिक रकममा आयकर नियमानुसार कट्टी हुनेछ ।

(ग) विद्यालयहरुले नगरपालिकाले तोकेभन्दा बढी रकम दिन पाउने छैनन् ।

९. माथि उल्लिखित रकमभन्दा बढी रकम विद्यालयमा लेखापरुक्षकबाट दावी गर्न पाइनेछैन । लेखापरीक्षकले हुन आउने रकम भन्दा बढी माग गरेमा सम्बन्धित विद्यालयले रकम भुक्तानी नगरी तुरुन्त नगरपालिकामा जानकारी गराउनुपर्नेछ । उक्त लेखापरीक्षकको नियुक्ति रद्द गरिने छ ।

## परिच्छेद – ५

### आन्तरिक लेखापरीक्षण

११. प्रत्येक वर्ष कबिलासी नगरपालिकाका सामुदायिक विद्यालयको आन्तरिक लेखापरीक्षण कबिलासी नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट हुनेछ । सामान्यतया चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित विद्यालय र नगरपालिकामा पेश गर्नुपर्नेछ ।

१२. आन्तरिक लेखापरीक्षण बापतको पारिश्रमिक लिन/दिन पाइनेछैन ।

## परिच्छेद – ६

### लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

१३. लेखा परीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएको भनी सम्बन्धित विद्यालयले महशुस गरेमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगरपालिकामा शिक्षा शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृतले सोको जानकारी महालेखा परीक्षकको कार्यालय समक्ष पुष्ट्याइँ सहित पठाउनु पर्नेछ । उक्त लेखापरीक्षण प्रतिवेदन उपर महालेखा परीक्षकको कार्यालयबाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

## परिच्छेद– ७

## बेरुजु र सम्परीक्षण

१४. आन्तरिक र अन्तिम लेखापरीक्षणबाट कायम भएका बेरुजुका प्रमाण पेश वा नियमित गरी/गराई वा असुल उपर गरी/गराई फछ्र्यौट गर्ने दायित्व अधिकार प्राप्त अधिकारीको हुनेछ ।

१५. बेरुजु सम्परीक्षण गराउने दायित्व भएको अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरुवा, बढुवा वा अवकाश भइ कार्यालय छोड्नु पर्दा निजले फछ्र्यौट गर्न बाँकी कारोबार सम्बन्धी विवरण खोली वहालवाला जिम्मेवार प्राप्त अधिकारीलाई बुझाउनु पर्नेछ । जिम्मेवार प्राप्त अधिकारीले उपर्युक्त बमोजिम बुझिलिई बेरुजु फछ्र्यौट गर्नु गराउनु पर्नेछ ।

## परिच्छेद - ८

१६. एक लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार दुई पटक भन्दा बढी नियुक्ति गर्न पाइनेछैन ।

१७. नगरपालिकाले खटाएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालयको दायित्व हुनेछ ।

१८. नगरपालिका बाट खटाइएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा उक्त विद्यालयको निकासा नगरपालिका बाट रोक्का गर्न सकिन्छ ।

१९. एक लेखापरीक्षकले एक आर्थिक वर्षमा बढीमा पाँच ओटा सम्म विद्यालयको लेखापरीक्षण गर्न पाइनेछ ।

अनुसूचि- १

लेखापरीक्षक नियुक्तिका लागि दिइने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

कबिलासी नगरपालिकाको कार्यालय, सर्लाही ।

विषय : लेखापरीक्षकको नियुक्ति पाऊँ ।

महोदय,

उपरोक्त सम्बन्धमा कबिलासी नगरपालिका अन्तर्गतको .......... ....... विद्यालयको लेखापरीक्षण गर्ने कार्यका लागि मलाई नियुक्त गरिएको जानकारी प्राप्त भएको हुँदा नियमानुसार आवश्यक रीत पूरा गरी नियुक्ति पत्र उपलब्ध गराइदिनुहुन यो निवेदन पेश गरेको छु । नगरपालिकाले तोकेको भन्दा बढी रकम दावी गर्नेछैन । नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि २०७८ मा भएको व्यवस्थाको पूर्णत: पालन गर्नेछु ।

निवेदक

........ . ........

रजिष्टर्ड लेखापरीक्षण द. नं. .....

मोबाइल नं. ....................

संलग्न कागजात

१. नविकरण र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

२. कर्मचारीको हकमा विभागीय स्वीकृति पत्रको प्रतिलिपि

३.नागरिकता प्रमाणपत्रको प्रतिलिपि

अनुसुचि-२

श्री कबिलासी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा, कबिलासी ।

विषय : लेखापरीक्षक सिफारिस गरिएको सम्बन्धमा ।

आ.व. ............... को ........................ विद्यालयको लेखापरीक्षणका लागि तपसिलमा उल्लिखित रजिष्टर्ड लेखापरीक्षकको सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल